## राप्ती नगरपालीका
## नगर कार्यापालीकाको कार्यालय, भण्डारा चितवन




# तेश्रो नगरसभा का निर्णयहरु

**तेस्रो नगर सभामा पेश गर्ने प्रस्तावहरु ।**

१. आर्थिक ऐन २०७५ पारित गर्ने सम्बन्धमा ।
२. विनियोजन ऐन २०७५ पारित गर्ने सम्बन्धमा ।
३. ०७५।७६ मा संचालन हुने योजना तथा कार्यक्रम सम्बन्धमा ।
४. एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५ स्वीकृत सम्बन्धमा ।
५. नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ पारित गर्ने सम्बन्धमा ।
६. आय-व्याय प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
७. संघीय सरकार र प्रदेश सरकारसँग माग गर्ने योजना सम्बन्धमा ।
८. मेल मिलापकर्ताको सूची अनुमोदन गर्ने सम्बन्धमा ।
९. स्थानीय तहका कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
१०. नगरपालिकाको संगठन संरचना स्वीकृत गर्ने सम्बन्धमा ।
११. कार्यपालिकाबाट विभिन्न मितिमा नगरसभाबाट अनुमोदन गर्ने भनि गरिएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
१२. लेखा समिति गठन सम्बन्धमा ।
१३. विविध (विभिन्न संघसंस्थाबाट यस नगरपालिकामा लगानी गर्ने बजेट सम्बन्धमा) ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालको संविधानको धारा २५५ बमोजिम तयार गरी नगर कार्यपालिकाबाट स्विकृतको लागि प्राप्त भएको आर्थिक ऐन २०७५ को अधिकार बमोजिम भएको एकीकृत कर सम्बन्धी व्यवस्थामा संशोधन गरी उत्तराखण्ड सडकले छोएको सबै वडाको जग्गाको मूल्याङ्कन रु ८,००,०००। (आठ लाख) राख्ने थप प्रस्ताव सहित राजस्व परामर्श समितिको निर्णय अनुसार राजस्वका दरहरु सहित आर्थिक ऐन २०७५ स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

(उक्त ऐन यसै माइन्यूटमा क्रमश संलग्न गरिएको छ ।)

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकामा आ.व.०७५.७६ को लागि अर्थ मन्त्रालयबाट प्राप्त सिलिङ समानीकरण अनुदान १६ करोड ५२ लाख राजस्व बाडफाँडबाट रु १० करोड ८७ लाख ४५ हजार सशर्त अनुदान १९ करोड ८१ लाख आन्तारिक आम्दानी ४ करोड गरी जम्मा ५१ करोड २० लाख ४५ हजार संचित कोषबाट खर्च गर्ने गरि आय तथा व्यायको प्रक्षेपण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्याय अनुमान, क्षेत्रगत व्याय अनुमान, क्रियाकलापगत व्याय अनुमान, वार्षिक कार्यक्रम स्वीकृत फारम सहित आयव्यायको विवरण विनियोजन ऐन २०७५ पारित गर्ने सर्व सम्मत निर्णय गरियो ।

(अनुसूचीहरु क्रमश संलग्न गरिएको छ ।)

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सभामा प्रस्तुत भएको नीति तथा कार्यक्रम र बजेट बक्तब्य स्वीकृत गरि राप्ती नगरपालिकामा अर्थ मन्त्रालयको च.नं. ८४६ मिति २०७४।१२।२१ को पत्रबाट प्राप्त बजेट सिलिङ सशर्त अनुदान र आन्तारिक स्रोत समेतबाट वडागत रुपमा योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो । साथै नगरबाट संचालन हुने वार्षिक योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

(विवरण क्रमश संलग्न गरिएको छ ।)

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगर कार्यपालिकाबाट स्विकृतको लागि प्राप्त हुन आएको राप्ती नगरपालिकाको एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधि २०७५ मा जग्गाको मूल्याङ्कनमा उत्तराखण्ड सडकले छोएको सबै वडाको जग्गाको मुल्याङ्कन प्रतिकठ्ठा रु ८,००,०००। (आठ लाख) मात्र थप गरी बाँकी पेश भए बमोजिम स्विकृत गर्न सर्वसम्मत निर्णय गरियो ।

(कार्यविधि संलग्न गरिएको छ)

**निर्णय नं. ५**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने गरी बजार अनुगमन सम्बन्धि निर्देशिका बनाउन आवश्यक रहेको र संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको वेभ साइट मार्फत प्राप्त भएको नमूना समेतको आधारमा गठित कानून मस्यौदा समितिले विभिन्न सरोकारवालाहरुसँग छलफल गरी कार्यपालिकाको २९ औ बैठकबाट आवश्यक परिमार्जन भई आएको राप्ती नगरपालिकाको बजार अनुगमन निर्देशिका २०७५ को प्रस्ताव उपर

दफावार छलफल सहित नेपालको संविधान धारा २२६ बमोजिम स्विकृतिको लागि प्राप्त प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।

(निर्देशिका संलग्न गरिएको छ ।)

**निर्णय नं. ६**

**प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती नगरपालिकाको आ.व.२०७३.०७४ को यथार्थ आय व्यायको विवरण आ.व. ०७४.७५ को संशोधित र आ.व. ०७५।७६ को प्रस्तावित आयव्यायको प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।**

१. आयको विवरण शिर्षगत रुपमा
२. व्यायको विवरण शिर्षकगत रुपमा

| शीर्षक | आर्थिक वर्ष २०७३/७४ को यथार्थ | आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान | आर्थिक वर्ष २०७५/७६ को अनुमान |
|---|---|---|---|
| राजस्व | १७,७२,९१ | ६०,३०,४२ | ५१,२०,४५ |
| आन्तरिक श्रोत | २,३०,७० | १,८४,१९ | ४,००,०० |
| ११३१३ एकीकृत सम्पति कर | | | १,८७,९५ |
| ११३१४ भुमिकर/मालपोत | १४,४७ | २०,०० | २,०० |
| ११३२१ घरवहाल कर | १० | १२,६३ | २२,०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १,२७,३५ | | |
| ११४५१ सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | २ | ५५ | १,०० |
| ११४७२ विज्ञापन कर | | | ५,०० |
| ११६१३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९,२४ | ४,०० | १२,०० |
| ११६१४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | | | ५ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | | १२,०५ | १५,०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १९,५३ | ४०,०० | ५०,०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १० | ५,२५ | ८,०० |
| १४२४२ नक्सापास दस्तुर | ३७,१८ | ४०,०० | ४०,०० |
| १४२४३ सिफारिश दस्तुर | २१,३४ | ४५,०० | ५१,०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,०३ | १,८५ | २,०० |
| १४३१२ प्रशासनिक दण्ड,जरिवाना र जफत | ३० | ८० | १,०० |

| | | | |
|---|---|---|---|
| १४५२९ अन्य राजस्व | | २,०५ | ३,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | १०,८७,४५ |
| १४१७९ अन्य बाँडफाँड हुने राजस्व [राजस्व बाँडफाँड – संघीय सरकार] | | | १०,८७,४५ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | १५,४२,२१ | ५८,४६,२३ | ३६,३३,०० |
| संघीय सरकार | १५,४२,२१ | ५८,४६,२३ | ३६,३३,०० |
| १३३११ समानिकरण अनुदान | ९,१८,१८ | २९,७२,१४ | १६,५२,०० |
| १३३१२ शसर्त अनुदान | ६,२४,०२ | २८,७४,०९ | १९,८१,०० |
| व्यय | १७७२९१ | ६०३०४२ | ५१,२०,४५ |
| चालु खर्च | १०२८२८ | ५१५४९० | ३२,५२,९४ |
| २११०० पारिश्रमिक / सुविधा | | २१६४७ | १८,५६,८९ |
| २२१०० सेवा महसुल | | ६६४ | १०,२० |
| २२२०० पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | | ३७०६ | २६,९४ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | | ९०१७ | ५९,७६ |
| २२४०० सेवा तथा परामर्श खर्च | | ५९१० | ९८,०० |
| २२५०० कार्यक्रम सम्वन्धी खर्चहरू | | १५६९४९ | ८,२१,६९ |
| २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | | २५६० | ५८,५२ |
| २२७०० विविध खर्च | | ४६३७ | ४८,५८ |
| २५३०० अन्य सहायता | | ८५३ | ७०,०० |
| २६३०० अन्य तहका सरकारहरूलाई अनुदान | | २१९४६७ | १,०६,६६ |
| २७१०० सामाजिक सुरक्षा | | ८७७७२ | ३,०० |
| २७२०० सामाजिक सहायता | | १००० | ७३,५० |
| २८१०० सम्पत्ति सम्वन्धी खर्च | | १३०८ | १९,२० |
| पूंजीगत खर्च | ७४४६३ | ८७५५२ | १८,६७,५१ |
| ३१११२ भवन निर्माण | | ८७३१ | २,८४,०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | ० | ७४,०० |
| ३१११५ फर्निचर तथा फिक्चर्स | | २१४३ | ३०,०० |
| ३११२१ सवारी साधन | | ८५०५ | ३,०० |
| ३११२२ मेशिनरी तथा औजार | | १९३३ | ५०,८० |
| ३११३२ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | | ७२० | ३,०० |
| ३११५१ सडक तथा पूल निर्माण | | ४३०० | ५,५४,९३ |

| | | | |
|---|---|---|---|
| ३११५३ विद्युत संरचना निर्माण | | | १४,०० |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | | ३६६२८ | १४,०० |
| ३११५५ सिंचाई संरचना निर्माण | | १३६३४ | १०,०० |
| ३११५६ खानेपानी संरचना निर्माण | | ५०० | ३८,०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | | ५०० | ३,०० |
| ३११५८ सरसफाई संरचना निर्माण | | २७७७ | १२,०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ७४४६३ | ७१८० | ७,६६,७८ |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ० | ० | १०,०० |

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७ माथि छलफल गर्दा बस्तीटोल स्तर हुदै वडा समितिबाट प्राथमिकिकरण भई प्राप्त योजनाहरु मध्ये नगरपालिकामा प्राप्त बजेटबाट संचालन गर्ने गरी बजेट भित्र समावेश हुन नसकेका देहायका योजनाहरु संघीय सरकार र प्रदेश सरकारका विभिन्न मन्त्रालय एवं अन्य निकायसंग माग गर्ने निर्णय गरियो ।**

| क्र सं. | प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने योजनाहरु | वडा नं. | क्र सं. | प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने योजनाहरु | वडा नं. |
|---|---|---|---|---|---|
| १ | जङ्गल र बस्तीबीच जनावर छेक्ने कंक्रिट वाल निर्माण | १ | १५ | कंक्रिट वाल निर्माण | ३ |
| २ | कृषि मार्ग ढलान या पिच | १ | १६ | नमूना मार्षमा पुल | ३ |
| ३ | विद्युतीकरण | १ | १७ | ब्रम्हास्थानी सामुदायिक बनमा स्पोर्ट निर्माण | ३ |
| ४ | पुर्व पश्चिम राजमार्गमा ट्रमा सेन्टर निर्माण | १ | १८ | लक्ष्मी नारायण मार्ग | ४ |
| ५ | पिप्ले युवा समाजको चउर निर्माण | १ | १९ | खहरे पुल निर्माण | ४ |
| ६ | जङ्गल र बस्तीबीच जङ्गली जनावर छेक्ने कंक्रिट वाल निर्माण | १ | २० | शिखर हरियाली इको पार्क | ४ |
| ७ | पर्यटन मार्ग निर्माण | १ | २१ | चेपाङ मार्ग जोड्ने बनदेवी मार्ग | ४ |
| ८ | लोथर-राप्ती डाइकमा कंक्रिट बाल निर्माण | १ | २२ | जय हरिकृतन मार्ग | ४ |
| ९ | होमस्टेका लागि सामुदायिक भवन निर्माण | १ | २३ | गैडाढाप शिवालय मन्दिर पार्क | ४ |
| १० | वैद्यपानी देखि थाकलटार जोड्ने बाटो | १ | २४ | नागदह संरक्षण एवं पर्यटकीय स्थल क्षेत्र निर्माण गर्न प्रेदेश सँग माग | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | रङ्गशाला निर्माण | २ | २५ | भण्डारा मा वि बहुटेक्निकल सिभिल इन्जिनियरिङ कलेज प्राविधिक शिक्षा सुरु केन्द्र | ५ |
| १२ | राप्ती २ र ३ जोड्ने पक्की पुल | २ | २६ | कञ्चन बस्ती तथा न्यू कञ्चन बस्ति ॐ मार्ग र भगवती शाझा मार्ग | ५ |
| १३ | धमिली जाने बाटो ढलान वा कालो पत्रे | ३ | २७ | कृषि सिचाई गर्न डिप बोरिङ मंगलटाडी र चेपाङ मार्ग र कृषि सडकमूखी बोरिङ गर्न | ५ |
| १४ | प्रगतिपुर शिसाबास कृषि मार्षमा पुल | ३ | २८ | जंगल सिमानामा कंक्रिट वाल निर्माण | ६ |
| २९ | राप्ती ड्याक तटबन्धन | ६ | ४४ | विरेन्द्रनगर खानेपानी उपभोक्ता ओभरहेट | ९ |
| ३० | भण्डारा मा वि चौरलाई मिनी रंगशाखा निर्माण | ६ | ४५ | ढाड खोला बगरी च्यात्राङ दुधकोशी सुक्काखोला लदरी खोला दोहोरो तटबन्धन | ९ |
| ३१ | राप्ती एकता सामुदायिक बन भित्र स्लेप कल्वर्ट र भवन निर्माण | ६ | ४६ | ब्रम्हानगर देखि क्याम्पा सम्मको मुलबाटोमा दोहोरो नाला निर्माण | ९ |
| ३२ | बाघदेवी क्षेत्रमा सांस्कृतिक संग्राहालय | ७ | ४७ | रसौलीको लदरी खोलामा झुलुङ्गे पुल निर्माण | ९ |
| ३३ | शहिद मार्ग पूर्व शिवालय मन्दिर क्षेत्रमा शान्ती कुन्ज निर्माण डि पि आर तयार | ७ | ४८ | केन्द्र सरकारसँग माग गर्ने योजनाहरु | ९ |
| ३४ | खैरहनीको बैरहनी सिमाना देखि पाख्रीबास ब्रम्हस्थान स्कुल हुदै इट्टा भट्टा देखि फन पार्क जाने बाटो | ८ | ४९ | सुकुम्बासी समस्या सामाधानको लागि लालपूर्जा वितरण | ९ |
| ३५ | आफ्नो गाउँ आफ्नै बनाउँको बाटो नाला सहित कालोपत्रे | ८ | ५० | सुक्का खोलामा मोटरेवल पुल निर्माण | ९ |
| ३६ | खैरहनी सिमाना डाडागाउँ देखि उत्तर पानिसरा ढाप मार्ग नाला तथा कालोपत्रे | ८ | ५१ | च्यात्राखोलाबाट पूर्वतर्फ शितलटोल जोड्ने मोटरेवल पुल निर्माण | ९ |
| ३७ | सिचाइ तर्फ सेलो बोरिङ ५० थान | ८ | ५२ | स्वामीटार शिकारीटार ढाण खोला धारापनी सात्तीसाल खहरे दैत्य रिङरोड | १० |
| ३८ | पाम्पा खोलाको माथिल्लो पुलदेखि तल्लो पुल सम्म खोला खोल्ने र दोहोरो जाली लगाउने १ कि मी | ८ | ५३ | आयआर्जन कार्यक्रम च्यूरीखेती अम्रिसोखेती फलफुल खेती मौरीपालन कार्यक्रम तरकारी पकेट कार्यक्रम गाईपालन सहकारी प्रबर्द्धन | १० |
| ३९ | जोरकुलो मुनी दोहोरो नाला र कालोपत्रे गर्दै इनार सम्म र बोरिङ देखि ट्रान्सफर्मर चोक सम्म कालोपत्रे बाटो तथा पिच | ८ | ५४ | थाम खोला पुल निर्माण | १० |
| ४० | साना किसान सहकारी संस्थाको हाईवेमा रहेको जग्गामा बहुउद्देश्य कृषि तथा सहकारी बजार स्थापना | ८ | ५५ | शिक्रीवाङ खोला पुल निर्माण | १० |
| ४१ | ब्रम्हानगर मा वि छत ढलान | ८ | ५६ | मेन्टेलिङ ग्रिन पार्क निर्माण | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | नव उद्यमी सहकारीको भवन कम्पाउण्ड चिस्यान केन्द्र र अन्य विद्युतिय उपकरणहरु निर्माण तथा खरिद | ८ | ५७ | राइटर पिकनिक स्पर्ट तथा भिउ टावर निर्माण | १० |
| ४३ | भवानी बजार पुल देखि माथि पुरानो रोड हुदै पछुवारी तर्फको बाटो कालोपत्रे र नाला निर्माण | ८ | ५८ | दर्लामिश्र खहरे तास भन्ज्याङ सडक स्तरउन्नती | १० |
| ५९ | आँपपानी वृहत खानेपानी योजना | ११ | ७० | रेउती तटबन्धन | १२ |
| ६० | विद्युत लाइन विस्तार | ११ | ७१ | पाख्री फेदी तटबन्धन | १२ |
| ६१ | पर्खाल मोटर बाटो निर्माण | १२ | ७२ | गुम्बा निर्माण भैरवी | १२ |
| ६२ | कृषि सडक गोन्वाङ यौरालीटार | १२ | ७३ | बनौती खहरे तटबन्धन | १२ |
| ६३ | निरन्तरता दिनुपर्ने योजनाहरु | १२ | ७४ | पार्पालिङ बौद्ध गुम्बा | १२ |
| ६४ | पर्खाल मोटर बाटो निर्माण | १२ | ७५ | राष्ट्रिय लाइ विस्तार | १२ |
| ६५ | कृषि सडक ठकुरी भन्ज्याङ यौरालीटार | १२ | ७६ | छात्राबास निर्माण यउरालीटार | १२ |
| ६६ | पर्यटन मार्ग नुनथला गोठेभन्ज्याङ | १२ | ७७ | कालिटार देखि स्यामराङ ट्र्याक बाटो निर्माण | १३ |
| ६७ | प्रदेश सरकार संग माग गर्ने योजनाहरु | १२ | ७८ | कालिटार देखि कान्देश्वरी विद्यालय सम्म ट्र्याक मोटरेवल बाटो निर्माण | १३ |
| ६८ | चेपाङ संग्राहालय भवन | १२ | ७९ | गुम्वाङ तापाङ हुदै ब्रोस्वाङ पर्यटन क्षेत्रको लागि ट्र्याक मोटरेवल बाटो निर्माण | १३ |
| ६९ | वाङसिलिङ लघु जल विद्युत | १२ | | | |

**निर्णय नं. ८**

**प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिकाको न्यायिक निरुपण कार्यलाई थप व्यवस्थित बनाउन मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम लिएका वा साविक देखि मेलमिलाप सम्बन्धी कार्यमा आइरहेका देहायका मेलमिलाप कर्ताहरुलाई न्यायिक समिति कार्यविधि ऐन २०७४ को दफा ५९.२ बमोजिम अनुमोदन गरी स्विकृत गर्ने निर्णय गरियो ।**

| | राप्ती नगरपालिका मेलमिलाप कर्ताहरुको विवरण | | | | |
|---|---|---|---|---|---|
| क्र सं. | सहभागी नाम थर | वडा नं. | क्र सं. | सहभागी नाम थर | **वडा नं.** |
| १ | सालिकराम पाठक | १ | ३२ | जमुना सेढाई | ६ |
| २ | कुमार थापा | १ | ३३ | हरि प्रसाद उप्रती | ६ |
| ३ | कृष्ण कुमारी पाण्डे | १ | ३४ | मन्जु कुमारी थापा | ७ |
| ४ | सुनिता सिलवाल | १ | ३५ | मिना दर्जी | ७ |
| ५ | टेकु कुमारी चालिसे | १ | ३६ | जयराम गोतामे | ७ |
| ६ | राम बहादुर तमाङ | १ | ३७ | सुमिता डल्लाकोटी | ७ |
| ७ | देवी उप्रेती | २ | ३८ | हरि प्रसाद पौडेल | ७ |
| ८ | मन्जु उप्रेती | २ | ३९ | रुचीला रेग्मी | ७ |
| ९ | मनमाया डुमडुङ | २ | ४० | कमला कुमारी विश्वकर्मा | ८ |
| १० | सपना खरेल | २ | ४१ | भवानी थापा | ८ |
| ११ | तिलक कार्की | २ | ४२ | राजन न्यौपाने | ८ |
| १२ | हरि बहादुर उप्रेती | २ | ४३ | देवी पाठक | ८ |
| १३ | पुष्पराज ओली | ३ | ४४ | कृष्ण कुमारी भाट | ८ |
| १४ | कविता राई | ३ | ४५ | एक नारायण श्रेष्ठ | ९ |
| १५ | पवित्रा पाठक | ३ | ४६ | विजया कु.आचार्य देवकोटा | ९ |
| १६ | मित्र पोखरेल | ३ | ४७ | विष्णु माया क्षेत्री | ९ |
| १७ | शमशेर बहादुर श्रेष्ठ | ४ | ४८ | आइती देवी दराई | ९ |
| १८ | हरि प्रसाद बर्तौला | ४ | ४९ | खड्क बहादुर तमाङ | ९ |
| १९ | रमा पराजुली | ४ | ५० | दिपक पुन | ९ |
| २० | पद्मराज पाठक | ४ | ५१ | सेरेङ्ग प्रजा | १० |
| २१ | हरि माया उप्रेती | ५ | ५२ | सन सिंह तमाङ | १० |
| २२ | खिलकान्त रुवाली | ५ | ५३ | केशव प्रजा | १० |
| २३ | विश्व कुमार थपलिया | ५ | ५४ | दिल बहादुर तमाङ | ११ |
| २४ | अमृता तमाङ | ५ | ५५ | खड्ग बहादुर मुक्तान | ११ |
| २५ | लक्ष्मी वि क | ५ | ५६ | दिल कुमारी लामा | ११ |
| २६ | मेनुका पाठक | ५ | ५७ | कुल बहादुर तमाङ | १२ |
| २७ | जगन्नाथ चौधरी | ६ | ५८ | पञ्चमाया तमाङ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | कौशिला चौधरी | ६ | ५९ | जनकला प्रजा | १२ |
| २९ | राज कुमार तमाङ | ६ | ६० | राम कुमार प्रजा | १३ |
| ३० | गुनु वि.क. | ६ | ६१ | दिपक श्रेष्ठ | १३ |
| ३१ | पुष्पा कुवर | ६ | ६२ | ज्योती माया प्रजा | १३ |

**निर्णय नं. ९**


**प्रस्ताव नं. ९ माथि छलफल गर्दा साविक स्थानीय निकायमा स्थायी नियुक्ति भइ हाल सम्म कार्यरत स्थायी कर्मचारीहरुको संलग्न तलवि प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।**

| सि.नं. | दर्जा | संकेत नं. | कर्मचारीको नाम, थर | श्रेणी | सेवा | समुह | हालको पदमा नियुक्ति/बढुवा मिति | शुरु तलव स्केल | जम्मा ग्रेड रु | जम्मा तलव |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रा स | | चेतनाथ थपलिया | सहायक चौथो | प्राविधिक | प्राविधिक | २०६४।०९।०५ | २२१७० | २२१७ | २४३८७ |
| २ | का सहायक | | मंगल तमाङ | सहायक चौथो | प्रशासन | प्रशासन | २०६४।०४।०१ | २२१७० | २२१७ | २४३८७ |
| ३ | का स | | होमराज भारती | श्रेणी विहिन | विविध | विविध | २०७३.०९.३० | १९८७० | ६६२ | २०५३२ |
| ४ | का स | | शिवराज सिलवाल | श्रेणी विहिन | विविध | विविध | २०६४।०९।०५ | १७२३० | ५७४ | १७८०४ |
| ५ | का स | | खेम बहादुर कुवर | श्रेणी विहिन | विविध | विविध | २०६९।०४।०१ | १८३४० | १२२२ | १९५६२ |
| ६ | का स | | मणी प्रजा | श्रेणी विहिन | विविध | विविध | २०६४।०९।१३ | १६२३० | १०८२ | १७३१२ |
| ७ | का स | | राम प्रसाद प्रजा | श्रेणी विहिन | विविध | विविध | २०६४।०९।१३ | १६२३० | १०८२ | १७३१२ |

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा राप्ती नगरपालिकाको संगठन संरचना र संरचना भित्र समेट्न नसकिएका देहाय दरबन्दी देहाय बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइड मार्फत प्राप्त भएको स्थानीय तहको अन्तरिम संगठन संरचना (५० हजार देखि ७५ हजार सम्म जनसंख्या हुने) अनुसार यस नगरपालिकाको लागि देहाय बमोजिम अन्तारिम संगठन संरचना र स्थायी दरबन्दी स्विकृत गर्ने ।




ख. स्थायी दरबन्दीमा नसमेटिएको तर नगरपालिका कार्यालय र वडा कार्यालयहरु संचालनको लागि अति आवश्यक देखिएका तपसिल बमोजिमका दरबन्दी कायम गरि सेवा करार वा ज्यालादारीमा मात्र राखी काम लागाउन स्विकृत गर्ने निर्णय गरियो ।

| क्र सं. | पद | नगरपालिका तर्फ | | | वडा कार्यालय तर्फ | | | कुल जम्मा | कैंफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | साविक | थप | जम्मा | साविक | थप | जम्मा | | |
| १ | कम्प्यूटर अपरेटर | १ | २ | [illegible] | ० | ० | ० | ३ | एकिकृत सम्पति कर सम्बन्धी |
| २ | व्याक हो लोडर अपरेटर | १ | ० | १ | ० | ० | ० | १ | |
| ३ | व्याक हो लोडर सहायक | १ | ० | १ | ० | ० | ० | १ | |
| ४ | हलुका सवारी चालक | २ | ० | २ | ० | ० | ० | २ | |
| ५ | कार्यालय सहयोगी | ३ | ३ | ६ | ५ | ८ | १३ | १९ | |
| ६ | चौकीदार | ० | २ | २ | ० | ० | ० | २ | |
| | कुल जम्मा | ८ | ७ | १५ | ५ | ८ | १३ | २८ | |

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगर कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकबाट नगर सभामा पेश गर्ने भनि निर्णय भएको, बैठकको निर्णयमा वा नगरपालिकाबाट नगर सभाबाट निर्णय गर्नुपर्ने भनि उल्लेख नभएको तर नगर सभाको अधिकार क्षेत्रभित्र रहेका निर्णय तथा आदेशहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा राप्ती नगरपालिकामा भएका लेखा सम्बन्धी कारोबारको अध्ययन विश्लेषण तथा महालेखाबाट औल्याइएका बेरुजु सम्बन्धमा छलफल गरी राय साथ नगर कार्यपालिकामा पेश गर्न सदस्यहरुले आफु मध्यबाट संयोजक तोक्ने गरि देहायका महानुभावहरु रहेका एक समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री पूर्ण प्रसाद आचार्य
२. श्री मायानाथ सेढाई
३. श्री इन्द्र तमाङ

निर्णय नं. १३

प्रस्ताव नं. १३ विविध विषयमा छलफल गर्दा देहायका संस्थाहरुबाट राप्ती नगरपालिका भित्र काम गर्न सहमती लिइ पेश गरेका बजेट निम्न बमोजिम भएको व्यहोरा जानकारी भयो र सो बमोजिम कार्य संचालन गर्ने निर्णय गरियो ।

| क्र सं. | संस्थाको नाम | अवधि | बजेट रकम |
|---|---|---|---|
| १ | शान्तिगृह नेपाल | ३ वर्ष | ३,९२,२३,४५१/- |
| २ | ब्याक टु लाइफ परिवर्तन नेपाल | | ३,६४,३३,४९४/- |
| ३ | महिला समन्वय समिति | | १२,६८,०१७/- |
| ४ | फरवार्ड नेपाल | ३ वर्ष | ४६,६५,२१५/- |
| ५ | फियान नेपाल | | ७,५०,०००/- |
| ६ | पिस फाउन्डेसन नेपाल | | १०,२४,०००/- |